मिति :- २०८२/०६/२४ गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको **५३ औं** बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य उपस्थिति

सन्देश गिरि - इन्जिनियर -

## मिति २०८२/०६/२४ गतेको नगर कार्यपालिकाको ५३ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव | नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने। | |
| ३ | कित्तागत विवरणसहितको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी प्रस्ताव | कित्तागत विवरणसहितको भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने। | |
| ४ | आयोजना फरफारक गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव | फरकफारक गर्नु नपर्ने आयोजनाहरू सम्बन्धित उपभोक्ता समितिहरूले नै मर्मत सम्भार तथा संरक्षण र उपयोग गर्ने गरी हस्तान्तरण गर्ने। | |
| ५ | प्रधानाध्यापक छनोट कार्यविधि, २०८२ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | प्रधानाध्यापक छनोट सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने। | |
| ६ | विस्तृत आयोजना प्रतिवेदन स्वीकृत सम्बन्धी प्रस्ताव | 'नगर कार्यापालिका भनव सुरक्षाको लागि पर्खाल सहित पूर्वाधार निर्माण योजना शीर्षकमा प्राप्त बजेट कार्यान्वयनका लागि विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरी उक्त बजेट कार्यान्वयन गर्ने। | |
| ७ | राजीनामा स्वीकृत गरी पदपूर्ति गर्ने सम्बन्धी प्रस्ताव | सहिदस्मृति नगर अस्पतालमा कार्यरत मेडिकल अधिकृत डाक्टरको राजीनामा स्वीकृत गरी पदपूर्ति गर्ने निर्णय गर्ने। | |
| ८ | विविध समसायिक विषयमा छलफल गर्ने सम्बन्धी प्रस्ताव | १. गंगाधर शर्माको मृत्युको विषयलाई लिएर भएको विवाद समाधान गर्न मिति २०८२ असोज ८ गते भएको सहमतिबमोजिमको रकम उपलब्ध गराउने।<br>२. निजामती सेवा दिवसमा खेलाडी सहभागिताको खर्च भुक्तानी गर्ने। | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प नारा...
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**मिति २०८२/०६/२४ गतेको ५३ औं नगर कार्यपालिकाको बैठकमा पेस भएका प्रस्तावित निर्णयहरू**

**<u>निर्णय नं. १</u> : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>** : प्रस्ताव नं. ३ **'कित्तागत विवरणसहितको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नापी कार्यालय रुकुम (पश्चिम) को कित्तागत विवरणसहितको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा पत्र सङ्ख्या २०८२/०८३ मिति २०८२ श्रवाण २२ गतेको पत्रानुसार स्थानीय तहको कित्तागत विवरण सहितको भू-उपयोग क्षेत्र वर्गीकरण सम्पन्न गरी यथाशीघ्र विवरण उपलब्ध गराउन माग भएबमोजिम यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका जगाको कित्तागत विवरण तयार हुन नसकेकोले यस नगरपालिकामा उक्त कार्यका लागि दक्ष जनशक्तिको अभाव समेत रहेकोले परामर्शसेवा मार्फत् कित्तागत विवरणसहितको भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>** : प्रस्ताव नं. ४ **'आयोजना फरफारक गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा उपभोक्ता समितिबाट कार्यान्वनय भएका **<u>अनुसूची-१</u>** बमोजिमका फरकफारक गर्नु नपर्ने आयोजनाहरू सम्बन्धित उपभोक्ता समितिहरूले नै मर्मत सम्भार तथा संरक्षण र उपयोग गर्ने गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>** : प्रस्ताव नं.५ **'प्रधानाध्यापक छनोट कार्यविधि स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्र सञ्चालित सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक छनोट गर्ने कार्यलाई पारदर्शी र व्यवस्थित रुपमा सञ्चालन गर्न तयार गरेको प्रधानाध्यापक छनोट कार्यविधि, २०८२ मा दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>** : प्रस्ताव नं. ६ **'विस्तृत आयोजना प्रतिवेदन स्वीकृत सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा सङ्घ सरकारबाट प्राप्त समपूरक आयोजना 'नगर कार्यापालिका भनव सुरक्षाको लागि पर्खाल सहित पूर्वाधार निर्माण योजना शीर्षकमा प्राप्त रु. १ करोड १७ लाख र नगरपालिकाले व्यहोर्नुपर्ने रु. गरी कुल १ करोड ९५ लाख बजेट कार्यान्वयनका लागि तयार गरेको विस्तृत आयोजना प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्नुका साथै सोही प्रतिवेनदनका आधारमा विद्युतीय बोलपत्र आह्वान गरी बजेट कार्यान्वयन गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प बादी
नगर प्रमुख

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'राजीनामा स्वीकृत गरी पदपूर्ति गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाले सञ्चालन गरेको सहिदस्मृति नगर अस्पतालमा मेडिकल अधिकृत (आठौं) तहमा कार्यरत डाक्टर विवेक के.सी. ले उक्त पदमा काम गर्न नसक्ने भनि राजिनामा पेस गरेबमोजिम निजले पेस गरेको राजिनामा स्वीकृत गरी कर्णाली प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २१ बमोजिम सेवा करार नियुक्ति गरी रिक्त रहेको मेडिकल अधिकृत (आठौं) को पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा मिति २०८२ असोज ७ गते चौरजहारी नगरपालिकाले सञ्चालन गरेको सहिदस्मृति नगर अस्पतालमामा भर्ना भइ थप उपचारका लागि लैजाने क्रममा निधन भएका गंगाधर शर्माको मृत्युको विषयलाई लिएर भएको विवाद समाधान गर्न मिति २०८२ असोज ८ गते भएको सहमतिबमोजिम एक लाख पचास हजार विपद् व्यवस्थापन कोष खाताबाट प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** : प्रस्ताव नं. ८ **''विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा कर्मचारी मिलन केन्द्रले निजामती सेवा दिवसको अवसरमा आयोजना गरेको विविध प्रतियोगिता अन्तर्गत भलिबल र व्याडमिन्टन प्रतियोगितामा खेलाडी सहभागिता हुँदाको बिल बमोजिमको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

**यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख